# 多言語情報コーナー　（令和６年１０月号）

## (१) बाल्यकाल इन्फ्लुएन्जा खोप खर्चको लागि आंशिक अनुदान बारे जानकारी !

तोचिगी शहर भित्र ठेगाना भएका, जन्मेको ६ महिना नाघेका देखि जुनियर हाई स्कूलको तेश्रो कक्षा सम्मका बालबालिकाहरुलाई लक्षित् गरि, बाल्यकाल इन्फ्लुएन्जा खोप खर्चको लागि आंशिक अनुदान दिईनेछ।
अवधि चाँही, यहि अक्टोबर महिनाको १ तारीख़ देखि आउने बर्षको फेब्रुअरी २८ तारीख़ सम्म रहेकोछ। स्थान चाँही, शहर भित्रका सहयोगी चिकित्सा संस्थानहरु हुन् र अग्रिम आरक्षण गर्न आवश्यक छ।
यो अनुदान, जन्मे पछि ६ महिना वा सोभन्दा माथिका बालबालिकालाई प्राथमिक विद्यालयमा भर्ना नभएसम्मको अवधिमा दुई पटक र प्राथमिक विद्यालयको पहिलो कक्षादेखि जुनियर हाईस्कूलको तेस्रो वर्षसम्मका बालबालिकालाई एक पटक दिइनेछ।
अनुदान रकम, एक पटकको लागि २,५०० येन हो। खोप खर्च बाट २,५०० येन घटाएर बाँकी रकम स्वयंले भुक्तानी गर्नुहोला।
यस बाहेक, नयाँ कोरोनाभाइरस संक्रमण र बृद्धहरुको लागि इन्फ्लुएन्जा विरुद्धको खोपको खर्चमा पनि केहि अनुदानहरु उपलब्ध छन्।
लक्षित व्यक्तिहरु मध्ये, जीवन यापन संरक्षण सहयोग प्राप्त परिवारका सदस्यहरुले, खोप लगाएपछि आवेदन दिएमा, रकममा केहि घटी/बढ़ी त होला तर स्वयंले व्यहोरेको रकम जति अनुदान प्राप्त गर्न सक्नेछन्।

## (२) "तोचिगी कुरानो माचि (भकारीको शहर) स्वेक्षिक रात्रि जुनियर हाईस्कूल" खुल्ने बारे जानकारी !

यो पटक, "तोचिगी रात्रि स्कूल स्थापना र विकास संघ" र तोचिगी-शि कोकुसाई कोउर्युउ क्योउकाई (तोचिगी अंतर्राष्ट्रीय संघको) संयुक्त प्रयाशमा, जहाँ "जो कोहिले पनि, जहिलेबाट पनि, जहिले सम्म पनि" अध्ययन गर्न सक्ने "तोचिगी कुरानोमाचि स्वेक्षिक रात्रि जुनियर हाईस्कूल" स्थापना गरिने भएकोछ।

मिति र समय महिनाको २ पटक, आईतबार बिहान ९:३० देखि १२:०० बजे सम्म हुन्छ।

पहिलो कार्यक्रम चाँही, अक्टोबर ६ तारीख़, उद्घाटन समारोह, व्याख्या सत्र, परामर्श सत्रको साथ हुनेछ।

अक्टोबर देखि डिसेम्बर सम्मको मितिहरु, अक्टोबर महिनामा ६ र २७ तारीख़, नोभेम्बर महिनामा १७ र २४ तारीख़ र डिसेम्बेर महिनामा १ र २२ तारीख़ रहेकाछन्।

स्थान, किरारानो मोरी तोचिगी कुरानो माचि राकुस्युउकान् हो।

"तोचिगी कुरानो माचि स्वेक्षिक रात्रि जुनियर हाईस्कूल" मा, अध्ययन गर्न चाहाने जो कोहिले पनि भाग लिन सकिन्छ। त्याहाँ भर्ना तथा शिक्षण शुल्क लाग्दैन। व्यक्तिगत अध्ययनमा आधारित, मातृभाषा, अंकगणित र अंग्रेज़ी आदिको प्राथमिक र जुनियर हाईस्कूल स्तरका आधारभूत बिषयहरु लगायत जापानी भाषा अध्ययन गर्न सकिन्छ।

विभिन्न उमेर र राष्ट्रीयताका स्वयंसेवक कर्मचारीहरूले तपाईंहरुको अध्ययनमा सहयोग गर्नेछन्।

सबै प्राथमिक र जुनियर हाई स्कूलका विद्यार्थीहरू, साथै अबदेखि जापानका सिनियर हाईस्कूलमा भर्ना हुन चाहनेहरूले अवश्य पनि सहभागी हुन प्रोत्साहित गरिन्छ।

## (३) तोचिगी शरद ऋतु महोत्सव आयोजना बारे जानकारी !

हरेक २ बर्षमा एक पटक आयोजना गरिने, तोचिगी शहरको सबैभन्दा ठूलो ईभेण्ट मानिने “तोचिगी शरद ऋतु महोत्सव” यहि नोभेम्बर १ तारीख़ (शुक्रबार), २ तारीख़ (शनिबार), ३ तारीख़ (आईतबार/सार्वजनिक विदा) का दिन, कुरानो माचि ओ-दोरी (मूल सड़क) लाई केन्द्रित गरि आयोजना गरिनेछ।

१ तारीख़ चाँही, बिहान ९:३० बजे देखि दिउँसो १:१५ बजे सम्म, तोचिगी शहरका धेरै बालबालिकाहरुलाई परम्पराको अनुभूति गराई, यसलाई आउने पुस्तामा हस्तांतरण गर्ने उद्देश्यका साथ “बाल दासी महोत्सव” (दासी=परम्परागत रथको नाम, झांकी जस्तै) को आयोजना गरिनेछ। शहर भित्रका सम्पूर्ण प्राथमिक विद्यालयहरुबाट ३ कक्षा र ४ कक्षाका बच्चाहरु लगभग २,३०० जना सहभागी भएर, उत्साहपूर्वक कार्यक्रम स्थल ओरिपरी परेड गर्नेछन्।

२ र ३ तारीख़का दिन, बिहान ९ बजे देखि, प्रत्येक टोल, तोचिगी स्टेशन, शिन-तोचिगी स्टेशन ओरिपरी र दिउँसो १:३० बजे देखि, कुरानो माचि ओ-दोरीमा तोचिगीको दासीहरु (परम्परागत रथ/झांकीहरु) जम्मा भएर परेड गर्नेछन्।

तोचिगीको दासीलाई, एदो-शैलीको पुतली दासी (रथ) भनिने गरिन्छ। १५० बर्ष भन्दा पनि अघि, एदो र मेईज़ी कालमा बनाईएको भव्य रथको परेड हेर्न लायक़ हुन्छ।

साँझ ५:३० बजे देखि, रथमा लालटेनहरु प्रज्वलित भएपछि दिउँसोको समय भन्दा फरक एक काल्पनिक संसारको आनन्द लिन सकिन्छ।

महोत्सवको उक्त दिन, मुख्य कुरानो माचि मूल सड़क, रथको परेड स्थितिको आधारमा यातायात प्रतिबन्धहरु लागू गरिनेछ। निषेधित क्षेत्रमा सवारीसाधन चलाउन पाइँदैन। यसबाहेक, ओरपरको क्षेत्रमा भीड़ हुने अपेक्षा गरिएको हुनाले, सबैको सहयोगको लागि अनुरोध गरिन्छ।